# कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन कार्यविधि,२०८२ (संशोधन सहित)

दार्मा गाउँपालिका, सल्यान
कर्णाली प्रदेश
नेपाल

**दार्मा गाउँपालिका**

**स्थानीय राजपत्र**

**खण्ड -१०    सङ्ख्या : ५    मिति : २०८३/०५/२२**

**भाग -२**

**दार्मा गाउँपालिका**

गाउँकार्यपालिका स्वीकृत मिति :२०८३/०५/१७

प्रमाणिकरण मिति : २०८३/०५/२२

## कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन कार्यविधि,२०८२
## (पहिलो संसोधन सहीत)

**<u>प्रस्तावना:</u>** नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन २०७४ मा कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, कृषि सहकारी तथा कृषि प्रसार सेवालाई स्थानीय तहको एकल अधिकारको रुपमा

बिस्तृतीकरण गरिएको छ । यिनै प्रावधान अनुसार  दार्मा गाउँपालिकाको कृषि तथा पशुपालन क्षेत्रलाई आधुनिकीकरण, व्यावसायीकरण गर्दै कृषिको उत्पादन तथा उत्पादकत्वमा बृद्धि गरी कृषकहरुलाई उनीहरुले उत्पादन गरेका कृषि उपजहरुको उत्पादनका आधारमा आर्थिक सहयोग गर्दै कृषि पेशामा आकर्षण गर्ने उद्देश्यले संस्थागत रुपमा कृषि उपज बेचबिखन गर्ने कृषक तथा व्यवसायीलाई संगठित गरी बजारमा गुणस्तरीय तरकारी, फलफूल र मसलाजन्य वस्तु, दुध, मासु आदी कृषि उत्पादन बिक्री गरे बापत बिक्री परिमाणका आधारमा अनुदान उपलब्ध गराउने उद्देश्यले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ "ण" भएको व्यवस्थालाई कार्यान्वयन गर्न दफा १०२ को उपदफा २ को अधिकार प्रयोग गरी दार्मा गाउँकार्यपालिकाले यो कार्यविधि  तयार गरी लागु गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यस कार्यविधिको नाम "**कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन कार्यविधि, २०८२"** रहनेछ ।

२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषा**ः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ख) "कार्यविधि" भन्नाले "**कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन कार्यविधि, २०८२** लाई सम्झनु पर्दछ ।

(ग)"अध्यक्ष" भन्नाले दार्मा गाउँपालिकाको प्रमुख सम्झनु पर्दछ ।

(घ)  "उपाध्यक्ष" भन्नाले दार्मा गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(ङ) "गाउँपालिका" भन्नाले दार्मा गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(च)  "वडा" भन्नाले दार्मा गाउँपालिकाको वडा कार्यालयहरुलाई सम्झनु पर्दछ ।

(छ) "अनुदान" भन्नाले कृषि क्षेत्रको विकासका लागि गाउँपालिकाबाट कुनै किसान वा कृषि संस्थालाई प्रदान गरिने आर्थिक सहयोग तथा कार्यक्रम समेतलाई जनाउने छ ।

(ज) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषक, कृषि उद्यमी, कृषक समुह, कृषि सहकारी संस्था, कृषि संग सम्बन्धित समिति र कृषि व्यावसायीहरुलाई सम्झनु पर्दछ ।

(झ) "कृषि" शब्दले बाली वागवानी व्यवसायिक किट आदीका उप-क्षेत्रसंग सम्बन्धित उत्पादन प्रशोधन उद्योग एवं व्यावसायलाई सम्झनु पर्छ ।

(ञ) "कृषि व्यवसाय" भन्नाले रोजगारी सिर्जना गरी आयआर्जन वृद्धि गर्न सहयोग पुर्याउने व्यावसायीक कृषि उत्पादन जस्तै मौसमी तथा बेमौसमी तरकारी खेती, मसला उत्पादन तथा प्रशोधन, फलफूल उत्पादन तथा प्रशोधन, विरुवा उत्पादन, बीउ उत्पादन, प्रशोधन तथा बजारीकरण, कुखुरा पालन, वाख्रा पालन, दुध उत्पादन, मह उत्पादन तथा प्रशोधन आदिलाई बुझ्नु पर्दछ ।

(ट)“आर्थिक विकास समिति” भन्नाले दार्मा गाउँपालिकामा गठन भएको आर्थिक विकास समितिलाई सम्झनु पर्छ।

(ठ) “अनुगमन समिति” भन्नाले पालिकास्तरमा उपाध्यक्षको संयोजकत्वमा गठन भएको अनुगमन तथा सुपरिबेक्षण समिति सम्झनु पर्दछ।

यस कार्यविधिमा अनुगमन समितिले गाउँपालिकामा संचालन भएको निजी व्यवसायी र कृषि सहकारी संस्था, कृषक समूह, कृषि तथा पशुपन्छी फर्मले संचालन गरेका व्यवसाय तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भयो भएन भनेर अनुगमन गर्नेछ।

(ड) शाखा भन्नाले कृषि विकास शाखा तथा पशु सेवा शाखा सम्झनु पर्दछ।

## परिच्छेद २
## कार्यविधिको उदेश्य

**३. कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :**

१) यस गाउँपालिका भित्र निर्वाहमुखी कृषि कार्य गरिरहेका कृषकहरुलाई थप व्यावसायिक बन्न प्रेरित गर्दै गाउँपालिका स्तरीय कृषि उत्पादनमा बृद्धि गराई कृषकहरुलाई उत्पादनमा आधारित अनुदान कार्यक्रम लागू गर्ने।

२) कृषि उत्पादनको गुणस्तर कायम गरी उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक, प्रतिष्ठित, दिगो आयआर्जनको भरपर्दो श्रोतका रुपमा विकसित गर्ने।

३) साना किसानहरुलाई संगठित गरी कृषि सहकारी संस्था, कृषक समूह, कृषि तथा पशुपन्छी फर्ममा आबद्ध गराई उत्पादित कृषि उपजलाई बजारमा बिक्रि गर्ने।

४) कृषि उत्पादनमा आबद्ध कृषकहरुको मनोबल उच्च बनाई लगानीलाई सुनिश्चितता प्रदान गर्ने।

## परिच्छेद-३
## कृषि सहकारी संस्था, कृषक समूह, कृषि तथा पशुपन्छी फर्मको छनौट

**४. कार्यक्रम संचालनका लागि छनौटका आधारहरु:**

१) गाउँपालिकाले विनियोजन गरेको बार्षिक बजेट तथा स्वीकृत कार्यक्रम अन्तर्गत अनुसूची-१ बमोजिम दरखास्त आह्वान गर्नेछ।

२) प्रस्तावित कार्यक्रमका लागी योग्यता पुगेका प्रस्तावहरुको हकमा प्रचलित कानून बमोजिमको निकायमा विधिवत रुपमा दर्ता भएको, कर चुक्ता गरेको, स्थायी लेखा नंबर प्राप्त गरेको, गत आ.व. मा लेखा परिक्षण भएको साथै व्यवसायिक फर्मको हकमा लेखापरिक्षण समावेश हुनु पर्ने र कुनै कारवाहीमा नपरेको हुनुपर्नेछ।

३) छनौट हुन चाहने कृषि सहकारी संस्था, कृषक समूह, कृषि तथा पशुपन्छी फर्मले अनुसूची २ बमोजिम प्रस्ताव पेश गर्नु पर्नेछ।

४) उपदफा ३ बमोजिमको प्रस्ताव छनौट आर्थिक विकास समितिको बैठकबाट भई कार्यपालिकाले अनुमोदन गर्ने छ।

**५. सम्झौता गरिने:**

१) दफा ४ को उपदफा ४ बमोजिम छनौट भएका कृषि सहकारी संस्था, कृषक समूह, कृषि तथा पशुपन्छी फर्महरु बीच अनुसूची -३ बमोजिम सम्झौता गरिनेछ।

२) सान्दर्भिकता र आवश्यकताको आधारमा तोकिएको संकलन केन्द्रलाई खारेज गर्ने अधिकार दार्मा गाउँपालिकालाई हुनेछ ।

**परिच्छेद- ४**

**अनुदान सम्बन्धी ब्यबस्था**

**६. अनुदान तथा आर्थिक सहायता**

१) उत्पादन गरी बिक्री पश्चात कृषि उत्पादनमा आधारित अनुदान प्राप्त गर्नका निम्ति दार्मा गाउँपालिका भित्रका कृषकहरुले अनुसूची-४ बमोजिमको ढाँचामा आफ्नो खेती वा पशुपन्छी पालनको विवरण पालिकाद्वारा निर्धारण गरिएका सम्बन्धीत कृषि सहकारी संस्था, कृषक समूह, कृषि तथा पशुपन्छी फर्ममा सूचिकृत गर्नुपर्नेछ ।

२) तोकिएको कृषि सहकारी संस्था, कृषक समूह, कृषि तथा पशुपन्छी फर्मले उत्पादनको खरिद तथा बिक्री रेकर्ड अनुसूची ५ बमोजिम ढाँचामा प्रत्येक किसानहरुको अभिलेख वडा प्रतिनिधि वा प्राविधिकको रोहबारमा राख्नुपर्नेछ।

३) गाउँपालिकाद्वारा निर्धारित कृषि सहकारी संस्था, कृषक समूह, कृषि तथा पशुपन्छी फर्मले अनुसूची- ६ बमोजिमको ढाँचामा सूचिकृत कृषकहरुको खरिद अभिलेख, दैनिक बिक्री बिल र वडा कार्यालयको सिफारिस सहित अनुदान रकम भुक्तानीका लागि गाउँपालिकामा निवेदन पेश गर्नुपर्नेछ ।

४) कृषक स्वयम्ले उत्पादन गरि कृषि सहकारी संस्था, कृषक समूह, कृषि तथा पशुपन्छी मार्फत बिक्री वितरण गर्नुपर्नेछ।

५) गाउँपालिकाद्वारा कृषकको बैंक खातामा विद्युतीय भुक्तानी प्रणाली (EFT) मार्फत अनुदान रकम भुक्तानी गरिनेछ ।सम्भव नभएमा एकमुस्ट सम्बन्धित कृषि सहकारी संस्था, कृषक समूह, कृषि तथा पशुपन्छी फर्मको खातामा भुक्तानी गरिनेछ र उक्त कृषि सहकारी संस्था, कृषक समूह, कृषि तथा पशुपन्छी फर्मले सम्बन्धित कृषकको खातामा जम्मा गरेको बैंक भौचर वा प्रमाण गाउँपालिकामा बुझाउनु पर्नेछ ।

६) कृषि उत्पादनमा आधारित अनुदान देहाय बमोजिमको आधारमा हुनेछ ।

| क्र.स. | बालीको नाम | बार्षिक न्युनतम बिक्रि परिमाण (के.जी.) प्रति कृषक | प्रति के.जी. अधिकतम अनुदान रकम रु . | कैफियत |
|---|---|---|---|---|
| १. | अदुवा | ४०० | ५ | |
| २. | बेसार | ३०० | ५ | |
| ३. | टमाटर | ५०० | ५ | |
| ४. | आलु | ५०० | ५ | |
| ५. | सुन्तला | ५०० | ५ | |
| ६. | दुध | ५०० लिटर | ५ | कर्णाली प्रदेश सरकारले दिदै आएको अनुदानमा प्रति लिटर थप दिईनेछ । |

| | | | | |
|---|---|---|---|---|
| ७. | खसी/बोका | ६० | ५० | |
| ८. | लसुन | २०० | ५ | |

नोटः प्रति के.जी/लिटर बापतको अनुदान रकमको सिमा निर्धारण आर्थिक विकास समितीको सिफारीसमा कार्यपालिकको निर्णय बमोजीम हुनेछ।

(७) यस कार्यक्रम संचालन गर्ने क्रममा कृषि सहकारी संस्था, कृषक समूह, कृषि तथा पशुपन्छी फर्मले बिक्रि अभिलेख सहित आवश्यक कागजात गाउँपालिकामा बुझाएपश्चात व्यवस्थापन खर्च बापत बिक्रि परिमाणको अधिकतम 10 प्रतिशत परिमाण (के.जी.) बराबरको अनुदान रकम सम्बन्धित कृषि सहकारी संस्था, कृषक समूह, कृषि तथा पशुपन्छी फर्मलाइ गाउँपालिकाले उपलब्ध गराउन सकिनेछ।

(८) क.न्युनतम व्यवस्थापन बजेटको अतिरिक्त बिक्रि परिमाणको आधारमा कार्यपालिकाको निर्णय बमोजिम थप प्रोत्साहन गर्न सकिनेछ ।

ख. वार्षिक २०० के जि खसि/बोका र १,२०० लिटर भन्दा वढी दुध बिक्री गर्ने कृषकलाई जम्मा अनुदान रकमको १० प्रतिशत हुन आउने रकम थप प्रोत्साहन स्वरूप उपलब्ध गराइने छ ।

(९) दार्मा गाउँपालिका बाहिरका कृषि सहकारी संस्था, कृषक समूह, कृषि तथा पशुपन्छी फर्मलाई अनुदान उपलब्ध गराइने छैन ।

७. **असुल उपर वा कारवाहीः**

१) कार्यविधि बमोजिम प्रवाह भएको अनुदान रकम सम्बन्धित कार्यमा प्रयोग नगरी अन्यत्र प्रयोग गरेको पाइएमा वा हिनामिना भएको प्रमाणित भएमा सम्बन्धित पक्षबाट प्रचलित कानुन बमोजिम सरकारी सरह असुल उपर गरिनेछ। विपत् वा अन्य कुनै काबु बाहिरको परिस्थितिबाट क्षति भएको अवस्थामा भने उक्त क्षतिको प्रमाणित (मुचुल्का, सम्वन्धित वडाको सिफारिस) सहित गाउँपालिकामा जानकारी गराउनु पर्नेछ।

२) अनुदानको दुरुपयोग गर्ने अनुदानग्राहीलाई यस कार्यालयबाट भविष्यमा कुनै अनुदान उपलब्ध गराइने छैन।

८. **सम्झौता गर्ने निकायः** सम्बन्धित शाखाको रोहवरमा दार्मा गाँउपालिकाले सम्झौता गर्नेछ।

९. **सम्झौता बमोजिम हुनेः** यस कार्यविधि अनुसार सञ्चालित कार्यक्रम सम्पन्न भएपछि कम्तीमा सम्झौतामा तोकिएको अवधीसम्म निरन्तर रुपमा सञ्चालन गर्नुपर्नेछ।

## परिच्छेद-५

## कार्यक्रम अनुगमन तथा मूल्याङ्कन

### १०. कार्यक्रमहरुको अनुगमन/मूल्याङ्कन तथा प्रतिवेदन तयारी:

(१) कृषि सहकारी संस्था, कृषक समूह, कृषि तथा पशुपन्छी फर्महरुले प्रस्ताव भई छनौट भएको कार्यक्रमहरु सम्झौता बमोजिम कार्यान्वयन भयो भएन भनेर अनुगमन गर्ने जिम्मेवारी पालिकास्तरिय अनुगमन समितिको हुनेछ । यसको लागि संवन्धीत वडामा काम गर्ने कर्मचारीहरुले संवन्धीत अनुदान ग्राहीहरुसँग नियमित भेट गरी कार्यक्रम को अनुगमन गरी प्राविधिक सल्लाह सुझाव दिनु पर्नेछ ।

(२) कार्यक्रमको अनुगमन गर्दा उपदफा (१) सँग गाउँपालिका आर्थिक विकास समितिको पनि उत्तिकै जिम्मेवारी रहनेछ । यसरी अनुगमन गर्दा समितिमा रहेका सम्वन्धित वडाबाट प्रतिनीधित्व गर्ने समितिको पदाधिकारीहरुको महत्वपूर्ण भूमिका रहनेछ । साथै अनुगमन खर्च प्रचलित नियमअनुसार हुनेछ।

(३) उपदफा (१) मा उल्लेख भए अनुसार कार्यक्रमको अनुगमन गर्दा आवश्यक प्राविधिक सल्लाह सुझाव, कार्यक्रमको प्रगतिको वारेमा जानकारी संकलन गर्नु पर्दछ । चौमासिक रुपमा लिखित प्रतिवेदन तयार गरी शाखाका प्रमुखलाई प्रतिवेदन पेश गर्नु पर्दछ ।

(४) उपदफा (१) र (२) अनुसार आ-आफ्नो वडाहरुमा संचालित कार्यक्रमको अनुगमन कम्तिमा वर्षको २ पटक गर्नु पर्नेछ । अनुगमन पश्चात नतिजा सहितको संयुक्त प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(५) कृषकहरूको खरिद विक्री तथा सुचिकरणमा फर्जिको संका लागेमा थप फिल्ड अनुगमन गर्न सकिने छ ।

## परिच्छेद -६

**११. विविधप्रचलित कानून वमोजिम हुने**ः यस कार्यविधिमा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम लागु हुनेछ ।

**१२. बाधा अड्काउ फुकाउ**ः यस कार्यविधि कार्यान्वयन सम्वन्धमा कुनै द्विविधा  भएमा सो को निवारण गाउँ कार्यपालिकाले गर्नेछ ।

**१३.  संसोधन तथा खारेजी**ः

(१)  यो कार्यविधि गाउँकार्यपालिकाले आवश्यकता अनुसार संसोधन तथा खारेज गर्न सक्नेछ ।

(१)  यो कार्यविधि लागु  भएको मितिबाट उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन कार्यविधि २०८१ स्वतः खारेज भएको  मानिनेछ ।

## अनुसूची-१

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

कार्यक्रमा सहभागि हुन प्रस्ताव आवह्वानको सुचना

दार्मा गाउँपालिका सल्यानको आ.व**........................** को वार्षिक स्वीकृत उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गर्नुपर्ने भएकोले कृषि/ पशुपालन व्यवसायमा संलग्न भै कृषि उत्पादन खरिद बिक्री गर्दै आएको वा

गर्न चाहाने  ईच्छुक कृषि/ पशुपन्छी फर्म, कृषक समुह, कृषि सहकारी संस्थाहरुबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ………………… दिन भित्र दार्मा गाउँपालिका,गाउँकार्यपालिकाको कार्यालय, फारुलाचौर, सल्यानमा तोकिएको ढाँचा अनुसार आवेदन दर्ता गर्नु हुन सम्वन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

**आवश्यक कागजातहरु**

१. अनुसूची २ अनुसारको ढाँचामा निवेदन,
२. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,
३. कृषि सहकारी संस्था, कृषक समूह, कृषि तथा पशुपन्छी फर्मको हकमा दर्ता प्रमाणपत्र नबिकरण, कर चुक्ता र गत आ.ब.को लेखा परिक्षण प्रतिबेदनको प्रतिलिपि,
४. सुचिकृत कृषकहरुको विवरण,
५. संचालक समितिको निर्णयको प्रतिलिपि,

अनुसूची-२

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

अनुदानको लागी पेश गर्ने निवेदनको ढाँचा

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू,                                        मितिः……………………….

दार्मा गाँउपालिकाको कार्यलाय

फारुलाचौर सल्यान ।

विषयः उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गर्ने सम्बन्धमा।

महोदय,

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति………………….मा प्रकाशन गरिएको सूचना अनुसार दार्मा गाउँपालिका वडा नं…. मा अवस्थित श्री…………………………………………  कृषि सहकारी संस्था, कृषक समूह, कृषि तथा पशुपन्छी फर्मले कृषकहरुको …………………….उत्पादन ……………………….संकलन खरिद तथा विक्री गर्दै आएकाले संकलन केन्द्रको रुपमा छनौट भई  मातहतका कृषकहरु उत्पादनको आधारमा अनुदान सहयोग कार्यक्रममा समावेश हुन इच्छुक रहेकाले तपशिल अनुसारको कागजात सहित आवेदन पेश गरेकोछु ।

तपसिलः

१. अनुसूची-२ बमोजिमको निवेदन पत्र
२. वडा कार्यालयको सिफारिस
३. दर्ता प्रमाण-पत्र प्रतिलिपि
४. कर चुक्ता र लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि
५. संचालक समितिको निर्णयको प्रतिलिपि
६. प्रतिवद्धता पत्र

निवेदकः

नामथरः
पदः
दस्तखतः
सम्पर्क नम्बर
छापः

**अनुसूची- ३**
(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गर्नका लागि कृषि सहकारी संस्था, कृषक समूह, कृषि तथा पशुपन्छी फर्म र दार्मा गाउँपालिका बिच भएको संझौता पत्रको ढाँचा**

दार्मा गाउँपालिका भित्रका निर्वाहमुखि कृषकहरुलाई व्यवसायीकरण र व्यवसायिक कृषकहरुलाई थप प्रोत्साहन गर्नको लागि पहिलो पक्ष भनिने दार्मा गाउँपालिका र दोश्रो पक्ष भनिने कृषि सहकारी संस्था, कृषक समूह, कृषि तथा पशुपन्छी फर्म  बिच तपसिल बमोजिमको संझौता शर्तहरुमा राजी भई यस संझौता पत्रमा हस्ताक्षर गरी लियौ/दियौ।

**संझौताका शर्तहरु**

१. कृषि सहकारी संस्था, कृषक समूह, कृषि तथा पशुपन्छी फर्मले कृषकहरुलाई कृषि उपजको नियमित कारोबार गर्नको निम्ति आफ्नो संस्था केन्द्रमा कृषकको खेती विवरणको अभिलेख राखी सूचीकृत गर्नुपर्नेछ।

२. सम्बन्धित कृषि सहकारी संस्था, कृषक समूह, कृषि तथा पशुपन्छी फर्मले सूचिकृत भएका कृषकहरुको कृषि उपजको बिक्रीको कारोबार गाउँपालिकाबाट प्राप्त ढाँचामा अभिलेखीकरण गर्नु पर्नेछ।

३. दोस्रो पक्षले खरिद बिक्रीको कारोवार गर्दा अनिवार्यरुपमा पालिकाको प्राविधिका वा वडा प्रतिनिधिको रोहवरमा गर्नुपर्नेछ।

४. अनुदान रकम भुक्तानीको निम्ति कृषि उपज बिक्री कारोबारको अभिलेख र अन्य आवश्यक कागजात कृषि सहकारी संस्था, कृषक समूह, कृषि तथा पशुपन्छी फर्मले गाउँपालिकामा पेश गर्नु पर्नेछ।

५. कृषि सहकारी संस्था, कृषक समूह, कृषि तथा पशुपन्छी फर्मद्वारा पेश भएको बिक्री कारोबारको अभिलेख र अन्य आवश्यक कागजातको आधार मानी कृषि उत्पादनमा आधारित अनुदान कार्यविधि, २०८२ को परिच्छेद ४ (५) को दफा ४ बमोजिम तोकिएका बाली बस्तुमा सोही बमोजिम अनुदान रकम कृषि सहकारी संस्था, कृषक समूह, कृषि तथा पशुपन्छी फर्म संस्थामा आवद्ध कृषकहरुको बैक खातामा सिधै भुक्तानी गरिनेछ।

६. कृषि सहकारी संस्था, कृषक समूह, कृषि तथा पशुपन्छी फर्मद्वारा राखिएको खरिद बिक्री र मूल्यको अभिलेखिकरण गलत वा झुठ्ठा ठहरिएमा सो कृषि सहकारी संस्था, कृषक समूह, कृषि तथा पशुपन्छी फर्मलाई पालिकाद्वारा कालोसूचीमा राखिनेछ।

७. दोस्रो पक्षले उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन कार्यविधि, २०८२मा व्यवस्था गरेको व्यवस्थापन खर्च बाहेक कृषकहरुवाट अन्य कुनै रकम कृषक लिन पाउनेछैन।

८. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नुपर्नेछ।

९. सम्झौता बमोजिमको कार्य गर्ने सम्वन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ।

१. पहिलो पक्ष | दोस्रो पक्ष

दस्तखतः दस्तखतः
नामः नामः
पदः पदः
मितिः मितिः
कार्यालयको छापः संस्थाको छापः

**रोहवर**

दस्तखतः दस्तखतः
नामः नामः
ठेगानाः ठेगानाः
मितिः मितिः

## अनुसूची- ४

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

### क) कृषकले गरेको खेती तथा उत्पादनको विवरण (कृषि विकास कार्यक्रमको लागि)

कृषि सहकारी संस्था, कृषक समूह, कृषि तथा पशुपन्छी फर्म संस्थाको नाम :

वडा नं :

| क्र.स. | कृषक को नामथर | ठेगाना | सम्पर्क न. | बाली/ बस्तुको नाम | खेती गरेको क्षेत्रफल | बोट /बिरुवा संख्या | अनुमानित उत्पादन के.जी | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

### ख) कृषकले गरेको पशुपन्छीको विवरण (पशु सेवा कार्यक्रमको लागि)

संस्थाको नामः

ठेगानाः

संकलन केन्द्रको नामः

| क्र.स | कृषकको नाम | ठेगाना | सम्पर्का नं. | भैसी | राँगा | पाडा/ पाडी | गाई | गोरु | बाच्छा/ बाच्छी | बाख्रा | खसी/ बोका | पाठा/ पाठी | भेडा | कुखुरा | अन्य | हस्ताक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | | | | | | |
| ५. | | | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६. | | | | | | | | | | | | | | | | |
| ७. | | | | | | | | | | | | | | | | |
| ८. | | | | | | | | | | | | | | | | |
| ९. | | | | | | | | | | | | | | | | |

## अनुसूची-५

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

### क) कृषि उत्पादनको खरिद तथा बिक्री रेकर्ड (कृषि विकास कार्यक्रम)

कृषि सहकारी संस्था, कृषक समूह, कृषि तथा पशुपन्छी फर्मको नामः

ठेगानाः

मिति:

| क्र.स | कृषकको नाम | ठेगाना | सम्पर्क न | के.जी. | जम्मा खरिद रकम | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | जम्मा | | | | |

अनुदान प्राप्त गर्ने कृषकको संख्याः…………………

विक्री गरिएको संख्याः…………….

जम्मा खरिद के.जीः…………….

विवरण तयार गर्ने: निरिक्षण गर्ने: प्रमाणित गर्ने:

नामः नामः नामः

पदः पदः पदः वडा अध्यक्ष

मितिः मितिः मिति

### ख) खसि/बोका उत्पादनको खरिद तथा बिक्री रेकर्ड (पशुपन्छी विकास कार्यक्रको लागि)

कृषि सहकारी संस्था, कृषक समूह, कृषि तथा पशुपन्छी फर्मको नामः

ठेगानाः आ.ब…………

संकलन केन्द्रको नामः

………………

…महिना

| क्र.स | कृषकको नाम | ठेगाना | सम्पर्क न | बिक्री | के.जी. | जम्मा | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|

| | | | | खसि/बोका संख्या | | बिक्री रकम | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | जम्मा | | | | | |

अनुदान प्राप्त गर्ने कृषकको संख्याः.....................

विक्री गरिएको खसी/बोकाको संख्याः................

बिक्री खसि बोकाको जम्मा के.जीः................

विवरणतयार गर्नेको हस्ताक्षरः  निरिक्षण गर्ने हस्ताक्षरः  प्रमाणित गर्नेको हस्ताक्षरः

विवरण तयार गर्नेको नामः  निरिक्षण गर्ने नामः  प्रमाणित गर्नेको नामः

विवरण तयार गर्नेको पदः  पदः  पदः वडा अध्यक्ष

मितिः  मितिः  मिति

**ग) दुध उत्पादनको खरिद तथा बिक्री रेकर्ड**

कृषि सहकारी संस्था, कृषक समूह, कृषि तथा पशुपन्छी फर्मको नामः

ठेगानाः  आ.ब.............

संकलन केन्द्रको नामः

..................

...महिना

| क्र.स | कृषकको नाम | ठेगाना | सम्पर्क न | लिटर | जम्मा बिक्री रकम | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | जम्मा | | | | |

अनुदान प्राप्त गर्ने कृषकको संख्याः.....................

विक्री गरिएको दुधको लि................

विवरणतयार गर्नेको हस्ताक्षरः  निरिक्षण गर्नेको हस्ताक्षरः  प्रमाणित गर्नेको हस्ताक्षरः

विवरण तयार गर्नेको नामः निरिक्षण गर्नेको नामः प्रमाणित गर्नेको नामः

विवरण तयार गर्नेको पदः पदः पदः वडा अध्यक्ष

मितिः मितिः मिति

**अनुसूची -६**

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

भुक्तानिको निवेदन ढाँचा

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
दार्मा गाँउपालिकाको कार्यलाय
फारुलाचौर सल्यान ।

विषयः भुक्तानी सम्बन्धमा ।

महोदय,
तहाँ कार्यालयबाट मिति…………………………..मा प्रकाशित सूचना अनुसार कृषकहरुको उत्पादन संकलन खरिद तथा विक्री गर्दै आएकाले मातहतका कृषकहरुलाई "उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन कार्यविधि,२०८२ " अनुसारको अनुदान रकम भुक्तानीका लागि तपशिल अनुसारको कागजात सहित आवेदन पेश गरेको छु/छौ ।
तपसिलः

१. वडा कार्यालयको सिफारिस
२. खरिद बिक्री अभिलेखको प्रतिलिपि
३. सम्झौता पत्रको प्रतिलिपि
४. संचालक समितिको निर्णयको प्रतिलिपि

निवेदक
नाम थरः
पदः
दस्तखतः
सम्पर्क फोन नं
छापः

आज्ञाले,
रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत